२००५

# नेपाली

## पहिलो पत्र

## (सामान्य भाषाविज्ञान र नेपाली भाषाको अध्ययन)

## द्वितीयार्द्ध

## (नेपाली भाषाको अध्ययन)

समय - दुई घण्टा पूर्णाङ्क - ४२

१। 'खस' जातिको ऐतिहासिक परिचय दिई 'खस' र 'तोरवारेली' भाषाको सम्बन्ध पैल्याउँदै 'नेपाली भाषा-भण्डार' मा रहेका खसका 'झर्रा' वा 'ठेर' शब्दबारे टिप्पणी दिनुहोस् । १६

अथवा

'नेपाली व्याकरण' को स्वरूप स्थिर हुनमा पूर्वीय (पाणिनीय) परम्परा र पश्चिमेली (इशाई मिशिनेरी प्रणित) परम्पराहरूको भूमिका स्पष्ट पार्दै 'नेपाली व्याकरण' को संक्षिप्त इतिहास प्रस्तुत गर्नुहोस् ।

२। नेपालीका प्रमुख भाषिका चिनाउँदै दार्जीलिङे 'भाषिका'लाई 'गोर्खा भाषिका' मान्न सकिने-नसकिने बारे आफ्नो मतामत प्रकट गर्नुहोस् । १६

अथवा

नेपाली भाषामा शब्द-निर्माणका प्रमुख पद्वतिको सोदाहरण व्याख्या गर्नुहोस् ।

३। कुनै दुई विषयमा गहकिला टिप्पणी लेख्नुहोस् । ५×२=१०

(क) 'कर्णाली-खस' को आदिम भाषा र हिन्दूस्तानी प्रभावित आधुनिक नेपाली भाषाको पृथकता ।

(ख) देवनागरी लिपि ।

(ग) नेपाली भाषाको मानस्तरीकरण ।

(घ) नेपालीमा वर्णविन्यासका समस्या ।

(ङ) भारतमा नेपाली भाषा-शिक्षाको प्रारम्भिक काल ।

२००५

# नेपाली

## दोस्रो पत्र

## (साहित्येतिहास र नेपाली साहित्यको इतिहास)

## प्रथमार्द्ध

## (साहित्येतिहास र नेपाली साहित्यको इतिहास : प्राक् आधुनिककाल)

समय - दुई घण्टा पूर्णाङ्क - ४२

१। साहित्येतिहासको स्वरूप र प्रकृति स्पष्ट पार्दै विभिन्न दृष्टिकोणअनुसार साहित्येतिहासका प्रकारहरूबारे सविस्तार चर्चा गर्नुहोस् । १६

अथवा

अभिलेश्वकालीन वाङ्मयलाई नेपाली साहित्येतिहासको अङ्गीभूत सामग्रीका रूपमा ग्रहण गर्नाका आधार र औचित्य केलाउँदै 'भास्वती'-को नेपाली अनुवाद देखि प्रेमनिधि पन्तको 'प्रायश्चित्त प्रदीप' सम्मको नेपाली गद्यशैलीका विशेषताहरूबारे सदृष्टान्त चर्चा गर्नुहोस् ।

२। मोतीराम भट्ट पूर्वका नेपाली कवितामा लोकलयको स्थिति बारे विवेचना गर्दै नेपाली लहरी र सवाई काव्य-परम्पराको सर्वेक्षण गर्नुहोस् । १६

अथवा

शृंगारकालीन नेपाली नाटकको इतिहास प्रस्तुत गर्दै यस कालको नेपाली रङ्गमञ्चको स्थितिबारे जानकारी दिनुहोस् ।

३।  तलका कुनै दुइवटाबारे विषयनिष्ठ टिप्पणी लेख्नुहोस् :-

५×२=१०

(क) आवयविक साहित्येतिहास ।

(ख) 'नेपाली साहित्यको भूमिका' (सन् १९५१)।

(ग) अब्बर पहाड़को सवाई ।

(घ) गोर्खा नेसनल थियेट्रिकल पार्टी ।

---

२००५

# नेपाली

## दोस्रो पत्र

## (साहित्येतिहास र नेपाली साहित्यको इतिहास)

## द्वितीयार्द्ध

## (आधुनिक नेपाली साहित्यको इतिहास)

समय - दुई घण्टा पूर्णाङ्क - ४२

१। 'आधुनिकताका परिचायक लक्षणहरू चिनाउँदै नेपाली कवितामा आधुनिकताको प्रवेशबारे चलेका मतमतान्तरहरूको समीक्षा गरेर तर्कसहित आफ्नोमत पनि प्रस्तुत गर्नुहोस् । १६

अथवा

आधुनिक नेपाली काव्यभाषाको विकास र वैशिष्ट्य चिनाउँदै 'तेस्रो आयाम' आन्दोलनले यसमा पारेको प्रभावको समीक्षा गर्नुहोस् ।

२। नेपाली समालोचनाको आधुनिक युगारम्भमाथि प्रकाश पार्दै यसको समृद्धिमा इन्द्रवहादुर राईले गरेका योगदानको मूल्याङ्कन गर्नुहोस् । १६

अथवा

आधुनिक नेपाली नाटककारहरूले वस्तु-यथार्थको नाट्य-रूपायनका निम्ति वरण गरेका विविध मार्ग र प्रविधिहरू चिनाउँदै यस सन्दर्भमा विजय मल्लको भूमिकाको पारख गर्नुहोस् ।



P.T.O.

३।   तलका कुनै दुइवटा बारे विषयनिष्ठ टिप्पणी लेख्नुहोस् :-

५×२=१०

(क) 'मौलो' ।

(ख) तरलवाद ।

(ग) सङ्क्रमण-लेखन ।

(घ) 'ऋतु-क्यान्भसमा रेखाहरू' ।

––

२००५

# नेपाली

## तेस्रो पत्र

## (नेपाली कविता)

### प्रथमार्द्ध

### (प्रारम्भदेखि लक्ष्मीप्रसाद देवकोटासम्म)

समय - दुई घण्टा पूर्णाङ्क - ४२

१। नेपाली वीरकाव्यको परिचय दिएर भाव-विधान, भाषा-शैली, छन्द-लय र अलङ्कार एवम् प्रतीक योजनाका दृष्टिले सुवानन्द दासको ''पृथ्वीनारायण'' कविताको विश्लेषणात्मक अध्ययन प्रस्तुत गर्नुहोस् । १६

अथवा

पतञ्जलि गजुरेलका काव्य प्रवृत्तिको परिचय दिएर उनको ''मत्स्येन्द्रनाथको कथा'' कविताको समीक्षात्मक अध्ययन प्रस्तुत गर्नुहोस् ।

२। कवि शिरोमणि लेखनाथ पौड्यालका काव्यप्रवृत्तिहरूको सम्यक् चर्चा गरेर उनको ''तरूण तपसी''– का विशेषताहरू केलाएर देखाउनुहोस् । १६

अथवा

नेपाली महाकाव्य-परम्पराको उल्लेख गर्दै महाकवि लक्ष्मीप्रसाद देवकोटाको ''प्रमिथस'' महाकाव्यको विश्लेषण र मूल्याङ्कन गर्नुहोस् ।

 P.T.O.

३।	कुनै दुई विषय को परिचयात्मक टिप्पणी लेख्नुहोस् : ५+५=१०

(क) "सूक्तिसिन्धु (फेरि)" कविता सङ्ग्रह भित्रका कवि शम्भु प्रसाद ढुङ्ग्याल ।

(ख) कवि र कविता ।

(ग) भानुभक्त आचार्य र रघुनाथ भट्टको भाषा-शैली।

(घ) कृष्णाश्रयी नेपाली भक्ति काव्य ।

---

२००५

# नेपाली

## तेस्रो पत्र

## (नेपाली कविता)

## द्वितीयार्द्ध

## (समदेखि ओकिउयामा ग्वाइनसम्म)

समय - दुई घण्टा पूर्णाङ्क - ४२

१। " 'आगो र पानी' अत्यन्त खँदिलो कविता हो । खण्डकाव्यको सानो रूपमा महाकाव्यको विशाल, भीमकाय विषय मुकुरिएको छ।"–यस कथनको सारगर्भित विवेचना गर्नुहोस् । १६

अथवा

कवि ओकिउयामा ग्वाइनका काव्यात्मक प्रवृत्तिहरूको चर्चा गर्दै उनको 'चित्रलेखा' कविता-संग्रहका कविताहरूको विश्लेषण र मूल्याङ्कन् गर्नुहोस् ।

२। आधुनिक नेपाली कविताका मूलभूत विशेषताहरूको परिचय दिँदै कवि ईश्वरवल्लभका पठित कविताहरूको काव्यात्मक स्वरूप र प्रवृत्ति स्पष्ट पार्नुहोस् । १६

अथवा

कवि हरिभक्त कटुवालको काव्य-लेखन का चरणहरू विभाजन गर्दै उनको 'यो जिन्दगी खै के जिन्दगी' शीर्षक कवितामा पाइने प्रतीक-योजना र विम्ब-विधानबारे सोदाहरण चर्चा गर्नुहोस् ।

३। तलका कुनै दुई विषय बारे टिप्पणी लेख्नुहोस् : ५×२=१०

(क) गोपाल प्रसाद रिमालको काव्य-भाषा ।

(ख) नेपाली गद्य-कविताका शीर्षस्थ कवि मोहन कोइराला ।

(ग) 'हाट भर्ने मानिस'-को ध्वनि-अभिव्यञ्जना ।

(घ) कवि अगमसिंह गिरीको विद्रोह चेतना ।

—

२००५

# नेपाली

## चौथो पत्र

## (नेपाली गद्याख्यान)

## प्रथमार्द्ध

## (नेपाली कथा)

समय - दुई घण्टा पूर्णाङ्क - ४२

१। आधुनिक नेपाली कथासाहित्यको चरणगत विकासक्रमको चर्चा गरी भवानी भिक्षुका कथामा पाइने 'अहंबोध'-का सन्दर्भहरूको विश्लेषण गर्नुहोस् । १६

अथवा

विषयवस्तु, संरचना र भाषा-शैलीका दृष्टिले शिवकुमार राईको 'फ्रण्टियर' कथा सङ्ग्रहका कथाहरूको विवेचना गर्नुहोस् ।

२। भाषिक सौन्दर्य र शिल्प विधानका दृष्टिले रूपनारायण सिंहको 'कथा नवरत्न'– का कथाहरूको समीक्षात्मक मूल्याङ्कन गर्नुहोस् । १६

अथवा

'विपना कतिपय' कथा सङ्ग्रहको नामकरणको तात्पर्यमाथि प्रकाश पार्दै यसै सङ्ग्रहका 'सपना शक्ति' र 'इच्छा बाँचिरहन्छ' कथाहरूको गूढार्थ उद्धाटन गर्नुहोस् ।

३। कुनै दुई विषयमा टिप्पणी लेख्नुहोस् : ५×२=१०

(क) सानुलामाको 'स्वास्नीमान्छे, कथाको देश-काल-वातावरण ।

(ख) मनःसामाजिक सन्दर्भमा गोठालेको 'भाँडो' कथाको भावभूमि ।

(ग) 'जार : भएकै एउटा कथा' मा प्रस्तुत समाज-सांस्कृतिक तत्त्व ।

(घ) 'तिउरीको फूल : पाइरियाको गन्ध'-को यौन-पक्ष ।

---

२००५

# नेपाली

## चौथो पत्र

## (नेपाली गद्याख्यान)

## द्वितीयार्द्ध

## (नेपाली उपन्यास)

समय - दुई घण्टा पूर्णाङ्क - ४२

१। विश्वेश्वरप्रसाद कोइरालाका औपन्यासिक प्रवृत्तिहरूको रेखाङ्कन गरी 'सुम्निमा' उपन्यासका आधारमा उनको उपन्यास कलाबारे विवेचना गर्नुहोस् । १६

अथवा

फ्रायडेली मनोविश्लेषण सिद्धान्त का आधारमा 'अनुराधा' र 'सुम्निमा' उपन्यासको तुलनात्मक अध्ययन प्रस्तुत गर्नुहोस् ।

२। 'शिरीषको फूल' उपन्यासकी नायिकाको विसङ्गत चरित्रको विश्लेषण गरी उसमा सुनगाभा र शिरीषको फूलका प्रतीकहरू कुन-कुन अर्थमा आरोपित छन् ? स्पष्ट पार्नुहोस् । १६

अथवा

उपन्यासकार इन्द्र सुन्दासका औपन्यासिक विशेषताहरूको परिचय दिएर 'जुनेली रेखा'–मा प्रस्तुत चिया कमानका मजदूरहरूको जीवन र स्थितिबारे विवेचना गर्नुहोस् ।

३। कुनै दुईवटा विषयमा टिप्पणी लेख्नुहोस् : ५×२=१०

(क) अलिखित उपन्यासमा प्रयुक्त स्वैरकल्पना।

(ख) 'लङ्गडाको साथी' उपन्यासमा मानवतावाद ।

(ग) 'आज रमिता छ'-मा प्रस्तुत दार्जिलिङे राजनीतिको स्वरूप ।

(घ) समकालीन नेपाली उपन्यासको स्वरूप ।

———

२००५

# नेपाली

## पाँचौं पत्र

## (नाटक)

## प्रथमार्द्ध

## (नाट्य-सिद्धान्त र रिमालपूर्वका नेपाली नाटक)

समय - दुई घण्टा | पूर्णाङ्क - ४२

१। नाटकका उत्पत्ति सम्बन्धी मत-मतान्तरहरूको समीक्षा गर्दै रिमालपूर्वका नेपाली नाटकको पृष्ठभूमि केलाउनुहोस् । १६

अथवा

'अटलबहादुर' नाटकलाई मौलिक भन्न सकिने बूँदाहरूको अनुशीलन गर्दै नाटककार पहलमानसिंह स्वाँरका नाट्यकारिताको मूल्याङ्कन गर्नुहोस् ।

२। 'प्रियदर्शिका' र 'शकुन्तला' नाटकका आधारमा मोतीराम र शम्भुप्रसादका संवाद-शैली र दृश्य विधान को तुलनात्मक अध्ययन प्रस्तुत गर्नुहोस् । १६

अथवा

नाटककार बालकृष्ण समका नाट्यकारिताको परिचय दिँदै 'प्रह्लाद' मा प्रदर्शित बौद्धिक पक्षको चर्चा गर्नुहोस् ।

३। कुनै दुई विषय बारे समीक्षात्मक टिप्पणी लेख्नुहोस् :-

५×२=१०

(क) अवस्था भेदका आधारमा नायिकाहरू ।

(ख) शृङ्गार-रस प्रधान नेपाली नाटक ।

(ग) 'अन्धवेग' नाटकको अन्धवेग ।

(घ) माध्यमिककालीन नेपाली नाटकमा चरित्रगत मौलिकता ।

२००५

# नेपाली

## पाँचौं पत्र

## (नाटक)

## द्वितीयार्द्ध

## (रिमालदेखि यताका नेपाली नाटक)

समय - दुई घण्टा पूर्णाङ्क - ४२

१। नेपाली एकाङ्की परम्परामा विजय मल्लका योगदानको मूल्याङ्कन गर्दै उनको 'भित्ते घड़ी'–एकाङ्कीको प्रतीकात्मक भावविधानको समीक्षा गर्नुहोस् । १६

अथवा

आधुनिक नेपाली नाटकमा देखा परेका प्रयोग प्रवृत्तिको उल्लेख गर्दै सम्प्रेषणको सङ्कटका दृष्टिले 'यमा' नाटकको समीक्षा गर्नुहोस् ।

२। गोविन्द 'गोठाले' का नाट्यकारिताका विविध पक्षको परिचय दिँदै 'भूसको आगो'-मा अन्तर्निहित सङ्केतात्मकताको विश्लेषण गर्नुहोस् । १६

अथवा

मनबहादुर मुखियाका एकाङ्की–प्रवृत्तिहरूको निरूपण गर्दै 'अँध्यारोमा बाँच्नेहरू' एकाङ्कीका उज्याला पक्ष केलाएर देखाउनुहोस् ।

३। कुनै दुई विषय बारे समीक्षात्मक टिप्पणी गर्नुहोस् :- ५×२=१०

(क) 'वीर बालक अभिमन्यू'को एकाङ्कीपरक स्वरूप ।

(ख) 'जेमन्त' नाटकमा घटना-विन्यास ।

(ग) 'संयोग–वियोग' एकाङ्कीमा कौतुहल-पक्ष ।

(घ) 'म भात खान्न'-का एकाङ्कीकार रामलाल अधिकारी ।

---